सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २८४ ♦ २०८३ साल असार १५ सोमवार ♦ 29 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेस प्रदेशमा २५ करोड सम्मको पुँजीका उद्योग दर्ता र नवीकरण प्रदेशबाटै

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिवास**



मधेस प्रदेश सरकारले प्रदेशका रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमनलगायत सेवा प्रदेशभित्रै कार्यान्वयन गर्ने भएको छ।

सङ्घीय सरकारले रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार मधेस प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि प्रदेश सरकारले उद्योग दर्ता, नवीकरण, नियमनलगायत सेवा अघि बढाएको हो।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट स्पष्ट रूपमा गरेको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्डभित्रका उद्योगको प्रशासनिक जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्था गरेको थियो ।

तर कानुनी व्यवस्था भए पनि त्यसको कार्यान्वयन सात वर्षभन्दा बढी समयसम्म हुन नसक्दा उद्योगी-व्यवसायी सामान्य प्रशासनिक कामका लागि काठमाडौंस्थित उद्योग विभाग धाउन बाध्य थिए। यसले सेवा प्रवाहमा ढिलाइ, अतिरिक्त खर्च र प्रशासनिक जटिलता सिर्जना गरेको थियो।

उद्योग विभागबाट मधेस प्रदेशअन्तर्गत रहेका १८८ उद्योगका अभिलेख प्रदेश सरकारलाई हस्तान्तरण भएसँगै अब ती उद्योगसम्बन्धी सेवा प्रदेशबाटै सञ्चालन मधेस प्रदेश सरकार अन्तर्गत उद्योग विभाग वीरगञ्जका निमित्त निर्देशक रीना साहले जानकारी दिइन्।

"उद्योगका फायलहरू विभागमा हस्तान्तरण भइसकेको छ", निमित्त निर्देशक साहले भनिन्, "सङ्घीय सरकारको उद्योग विभागबाट प्रदेश मन्त्रालयमार्फत हस्तान्तरण भएका उद्योगको फायलहरू हामीले अध्ययन गरिरहेका छौँ, अध्ययन गरेर सेवा प्रवाहलाई अघि बढाउने तयारीमा जुटेका छौँ ।" पहिलो चरणमा कार्यालयबाट दर्ता, नवीकरण,

*बाँकी पृष्ठ ३ मा*

## संघीयता कार्यान्वयनको समीक्षा गर्न राष्ट्रिय सभा समिति जनकपुरधाममा

**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिवास**

संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आइतबार जनकपुरधाममा संघीयता कार्यान्वयनको अवस्था, तहगत समन्वय तथा राष्ट्रिय सरोकारका विषयमा अन्तरक्रिया एवं स्थलगत अनुगमन कार्यक्रम सम्पन्न गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, वित्तीय तथा प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन, आवश्यक कानुन निर्माण, स्रोत व्यवस्थापन, आयोजना कार्यान्वयन, राष्ट्रिय सम्पदाको संरक्षण तथा समन्यायिक विकासका विविध पक्षमा छलफल गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिकी सभापति रोशनी मेचेले संघीय व्यवस्थामाथि भइरहेका टिप्पणी र प्रहारप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संघीयतामाथिको कुनै पनि प्रकारको आक्रमण स्वीकार्य नहुने बताइन् । उनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी र जनमुखी बनाउँदै यसको सफल कार्यान्वयनमा सबै पक्ष

*बाँकी पृष्ठ ३ मा*



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बागमती प्रदेश समन्वय परिषद् कतारद्वारा २३औं राष्ट्रिय धान दिवस तथा दही-चिउरा कार्यक्रम भव्य रूपमा सम्पन्न

आशिक हुसैन शेख

दोहा कतार । "सम्पूर्ण नेपालीको चाहना, शान्त समृद्धि नेपालको परिकल्पना" भन्ने मूल नारा सहित बागमती प्रदेश समन्वय परिषद् कतारले २३औं राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने दिन को अवसरमा शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम दोहाको सनैयास्थित फुलबारी रेस्टुरेन्टको सभाहलमा भव्य, सभ्य र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरेको छ।

कार्यक्रम परिषद्का अध्यक्ष कविन्द्र कँडेलको सभापतित्व तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। विशेष अतिथिका रूपमा परिषद्का संस्थापक संरक्षक सागर नेपाल, विशिष्ट संरक्षक नन्दन ढुंगाना, सल्लाहकार राज देवकोटा लगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

अन्तर्राष्ट्रिय समुदायबाट Bangladesh Community का अध्यक्ष Mr. Anver Hussain, Peninsula Media का पत्रकार Mr Ashraf Siddique, Sri Lanka Community का नेता Mr. Teneson, Building and Woodworks का Country Coordinator Mr. Marco Polo, Rajasthan Welfare Association का अध्यक्ष Mr. Nijam Khan, Telengana Gulf Samitee Qatar का अध्यक्ष Mr. Shanker Gaut, Indian Culture Centre का अध्यक्ष Mr. A. P. Manikantan tyf Bangladesh Migrant Workers Association का अध्यक्ष Mr. Sirajul Islam को समेत विशेष उपस्थिति रहेको थियो।

यसका साथै कतारस्थित विभिन्न प्रदेश समन्वय परिषद्का अध्यक्ष तथा प्रतिनिधि, ६५ जिल्ला संस्थाका प्रतिनिधि, सामाजिक अभियन्ता, व्यवसायी, पत्रकार, कलाकार, फोटो तथा भिडियो पत्रकार र विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमको शुभारम्भ नेपाली राष्ट्रिय गान बजाएर गरिएको थियो। त्यसपछि ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौनधारण गरिएको थियो। प्रमुख अतिथि, सभापति तथा विशिष्ट अतिथिहरूद्वारा दीप प्रज्वलन तथा ब्यानर वाचन गरी कार्यक्रमको औपचारिक उद्घाटन गरिएको थियो।

परिषद्की महिला उपाध्यक्ष ममता राना भाटले स्वागत मन्तव्य राखेकी थिइन् भने प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक रामहरी चौलागाईंले राष्ट्रिय धान दिवसको महत्व बारे प्रकाश पार्दै शुभकामना मन्तव्य व्यक्त गर्नुका साथै सांगीतिक प्रस्तुति पनि दिएका थिए।



कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि, विभिन्न प्रदेश समन्वय परिषद्, जिल्ला संस्थाका प्रतिनिधि, समाजसेवी, व्यवसायी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूले राष्ट्रिय धान दिवस, कृषि संस्कृति, प्रवासी नेपालीबीचको एकता र सामाजिक सद्भावका विषयमा शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सांस्कृतिक कार्यक्रममा स्वागत नृत्यसँगै लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल कतार शाखाका कलाकारहरूले आकर्षक गीत तथा नृत्य प्रस्तुत गरेका थिए। सुमित्रा भट्टराई, अस्मिता लामिछाने, वीरेन्द्र श्रेष्ठ, सुमन खड्का, मनिता सुनाम, गुणा मगर, नारायण देवकोटा, पुकार थापा, जमुना बिक, बाबु कौशल, लक्ष्मी कार्की, सुमित्रा बुढा क्षेत्री लगायतका कलाकारहरूको प्रस्तुति कार्यक्रमको मुख्य आकर्षण बनेको थियो।

कार्यक्रमको अवसरमा नेपाली कला, संस्कृति, सामाजिक सेवा तथा सञ्चार क्षेत्रमा योगदान पुऱ्याएका कलाकार, पत्रकार, तथा विभिन्न व्यक्तित्वहरूलाई सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो।

औपचारिक कार्यक्रमपछि दोस्रो चरणको सांस्कृतिक कार्यक्रम साँझ ७ बजेसम्म सञ्चालन गरिएको थियो। कार्यक्रमको सञ्चालन परिषद्का महासचिव गंगा बहादुर सुनुवारले गरेका थिए भने सह-सञ्चालन उपमहासचिव दिनेश अधिकारीले गरेका थिए।

कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने संरक्षक, सल्लाहकार, जिल्ला संस्था, स्वयंसेवक, कलाकार, पत्रकार, व्यवसायी, सामाजिक अभियन्ता, प्रायोजक तथा सम्पूर्ण सहभागीप्रति बागमती प्रदेश समन्वय परिषद् कतारले हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेको छ। साथै आगामी दिनमा पनि नेपाली भाषा, कला, संस्कृति, कृषि परम्परा तथा प्रवासी नेपालीबीचको एकतालाई थप सुदृढ बनाउने यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
बर्दिवास नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मनरा शिस्वा नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि, धनुषा

छोरा छोरीमा भेदभाव छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
सम्सी गाउँपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
पिपरा गाउँपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
लोहारपट्टी नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी गाउँपालिका, महोत्तरी

# मधेस प्रदेशमा २५ करोड...

लगत कट्टालगायतको काम सुरु गर्छौं र त्यसपछि अनलाइन प्रणालीबाट पनि सेवा प्रवाह गर्ने निमित्त निर्देशक साहको भनाइ छ।

प्रदेश सरकारको पहुँच बढेसँगै उद्योग दर्ता, नवीकरण तथा नियमनका प्रक्रिया थप छरितो र सहज हुने अपेक्षा गरिएको छ । यसबाट सेवा प्रवाहलाई नागरिकको नजिक पुऱ्याउने सङ्घीय शासनको मूल मर्मलाई व्यवहारमा उतार्ने विश्वास गरिएको छ।

सङ्घीय शासन व्यवस्थाको उद्देश्य केवल राजनीतिक अधिकार बाँडफाँट गर्नुमात्र नभई विकास र सेवा प्रवाहलाई विकेन्द्रीकरण गरेकाले प्रदेशबाट उद्योग दर्ता, नवीकरण लगायतका सेवा सुरु गर्न लागिएको मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले बताए।

नागरिकले आफ्नो प्रदेशमै आवश्यक सेवा पाउने व्यवस्था हुँदा प्रशासनिक दक्षता बढ्नुका साथै सरकारप्रतिको विश्वाससमेत मजबुत हुने उनले बताए। यसबाट प्रदेश सरकारलाई आर्थिक विकासको नेतृत्व गर्ने अवसर प्रदान गरेको छ । उद्योग प्रशासन आफ्नै मातहत आएपछि प्रदेशले उद्योगमैत्री नीति कार्यान्वयन, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनाका कार्यक्रमलाई स्थानीय आवश्यकताअनुसार अघि बढाउन सक्ने सचिव घिमिरेको भनाइ छ ।

यद्यपि अधिकार हस्तान्तरणसँगै प्रदेश सरकारको जिम्मेवारी बढेको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति, सूचना प्रविधिमा आधारित प्रशासन, पारदर्शी कार्यप्रणाली र उत्तरदायी संस्थागत संयन्त्र निर्माण आवश्यक हुन्छ।

# संघीयता कार्यान्वयनको समीक्षा ....

जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याइन् ।

सभापति मेचेले पछिल्लो समय सामाजिक न्यायको अवस्था कमजोर बन्दै गएको उल्लेख गर्दै लैंगिक हिंसा, श्रम शोषण तथा विभेदजन्य गतिविधिले सभ्य समाज निर्माणमा चुनौती थपिरहेको बताइन् । यस्ता विकृतिको अन्त्यका लागि राज्यका सबै तह र सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

अन्तरक्रियामा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले स्थानीय तहले संघीयताको मर्मअनुसार सेवा प्रवाह र विकास निर्माणलाई अघि बढाइरहेको उल्लेख गर्दै संघ र प्रदेशसँगको समन्वय अझ प्रभावकारी हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा समितिका सदस्य मनरुपा शर्मा, धर्मेन्द्र पासमान, उपप्रमुख किशोरी साह, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

समितिले जनकपुरधाममा गरेको अन्तरक्रिया तथा स्थलगत अनुगमनबाट संघीयता कार्यान्वयनमा देखिएका चुनौती, कानुनी तथा प्रशासनिक सुधारका आवश्यकता र तहगत समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गरेको जनाएको छ ।

## सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी
लाई उच्च शिक्षा दिलाऔं।
धनुषाधाम
नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको
लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका,
धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी
लाई उच्च शिक्षा दिलाऔं।
औरही
गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको
लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
वटेश्वर
गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनियाा
गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
नगराईन
नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
सबैला
नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका
धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी
नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी
लाई उच्च शिक्षा दिलाऔं।
हंसपुर
नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी
लाई उच्च शिक्षा दिलाऔं।
मिथिला
नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
शहिद नगर
नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं।छोरी
लाई उच्च शिक्षा दिलाऔं।
जनकनन्दनी
गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ
विकासमा सहभागी बनौं । कर तिर्नु
सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसरनियाँ
गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको
लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी
गाउँपालिका, धनुषा

# मधेश प्रदेश स्तरीय वातावरणीय मानव अधिकारकर्मीहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न



**खबर दर्पण समाचारदाता**

**असार १४ गते, बर्दिवास**

डिसिएको आर्थिक सहयोग र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश कार्यालयको आयोजनामा मधेश प्रदेश स्तरीय वातावरणीय मानव अधिकारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम २०८३ असार १४ गते जनकपुरधाममा सम्पन्न भएको छ ।

इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सभाका सभामुख राम अशिष यादवले वातावरण संरक्षणमा मानव अधिकारकर्मीहरुको भूमिका विषयमा सहजिकरण गर्नु भयो । स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक बारे उहाँले उल्लेख गर्नु हुँदै वातावरण संरक्षणमा सरकार, नागरिक समाज, मानव अधिकारकर्मी तथा आमनागरिक बीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनु भयो । उहाँले संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको र धारा ५१ ले प्राकृतिक स्रोत, वन तथा वातावरण संरक्षणसम्बन्धी राज्यका नीतिलाई स्पष्ट रूपमा व्यवस्था गरेको चर्चा गर्नु भयो ।

उहाँले वातावरणीय अधिकारको संरक्षणका लागि स्थानीय, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्नु हुँदै चुरे संरक्षण, वन क्षेत्रको दिगो व्यवस्थापन, जलस्रोतको संरक्षण तथा जैविक विविधताको संवर्द्धनमा विशेष ध्यान दिनु पर्ने बताउनु भयो ।

सभामुख यादवले जल, वायु, माटो तथा ध्वनि प्रदूषणले मानव स्वास्थ्यमा गम्भीर असर पारि रहेको उल्लेख गर्नु हुँदै स्वच्छ खानेपानीको अभाव तथा जल प्रदूषणका कारण विभिन्न जटिल रोगको जोखिम बढ्दै गएको बताउनु भयो । वातावरणीय प्रदूषणविरुद्ध सबै पक्ष एकजुट भएर अभियान सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनु भयो ।

अर्थ क्लिन ग्रिन फाउन्डेशनका अध्यक्ष तथा प्रदेश स्तरीय वातावरणीय मानव अधिकार सञ्जालका सदस्य दीपु ठाकुरले वातावरण संरक्षणका लागि विभिन्न अभियान सञ्चालन भइरहे पनि फोहोर व्यवस्थापन अझै प्रभावकारी हुन नसकेको उल्लेख गर्नु हुँदै यसको दीर्घकालीन समाधानका लागि राज्यले स्पष्ट नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने बताउनु भयो ।

प्रदेश स्तरीय वातावरणीय मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष धीरज साहले विकास निर्माणका क्रममा सडक, भवन तथा अन्य पूर्वाधार विस्तारका नाममा ठूलो मात्रामा रुख कटान हुने गरेको उल्लेख गर्नु हुँदै त्यसको क्षतिपूर्ति स्वरूप अनिवार्य वृक्षारोपण र संरक्षणको प्रभावकारी व्यवस्था गर्नुपर्ने बताउनु भयो । विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्ने नीति प्रदेश सरकार ले अवलम्बन गर्नुपर्ने तथा हरित विकासको अवधारणालाई व्यवहारमा लागू गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

समाजसेवी तथा इन्जिनियर रत्नेश्वरलाल कर्णले वातावरण संरक्षण मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको उल्लेख गर्दै चुरे क्षेत्रको संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने बताउनु भयो । उहाँले स्वच्छ खानेपानी प्रत्येक नागरिकको आधारभूत अधिकार भएकाले पानीका स्रोतहरूको संरक्षण र प्रदूषण नियन्त्रणमा विशेष ध्यान दिनुपर्ने धारणा राख्नु भयो । कृषि क्षेत्रमा रासायनिक मल (फर्टिलाइजर) को असन्तुलित प्रयोगले माटो, पानी र मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले यसको सुरक्षित तथा सन्तुलित प्रयोग आवश्यक रहेको उहाँले बताउनु भयो । जलवायु परिवर्तन तथा वातावरणीय विपद्को जोखिम व्यवस्थापनका लागि सरकारले वातावरणीय आपत्कालीन कोष स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउँदै वातावरण संरक्षणका सबै प्रयासलाई मानव अधिकारको अभिन्न पक्षका रूपमा अघि बढाउनुपर्नेमा उहाँले जोड दिनु भयो ।

वातावरणीय विज्ञ अजित श्रीवास्तवले जलबायु परिवर्तनका कारण वातावरणलाई पारेको प्रभाव र वातावरण संरक्षणमा वातावरणीय मानव अधिकार रक्षकहरुको भूमिकाका सन्दर्भमा सहजिकरण गर्नु हुँदै जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा तापक्रम वृद्धि, अनियमित वर्षा, खडेरी, बाढी तथा प्राकृतिक विपद्का घटना बढ्दै गएको बताउनु भयो । उनले ग्लोबल वार्मिङ पृथ्वीको औशत तापक्रम बढ्नुको प्रमुख कारण हरितगृह ग्याँसको अत्यधिक उत्सर्जन रहेको उल्लेख गर्नु भयो। विकास निर्माणका आयोजना सञ्चालनअघि वातावरणीय प्रभाव मूल्यांकन प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्नेमा उहाँले जोड दिनु हुँदै त्यसले वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्न सहयोग पुग्ने बताउनु भयो । उहाँले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि हरित पूर्वाधार, स्वच्छ ऊर्जा, प्रभावकारी फोहोर व्यवस्थापन, खुला क्षेत्र संरक्षण तथा हरियाली प्रवर्द्धनमार्फत दिगो शहर निर्माण गर्न आवश्यक रहेको धारणा राख्नु भयो ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले वातावरणीय अधिकारलाई मानव अधिकारको अभिन्न अंगका रूपमा स्थापित गर्न नीति निर्माणदेखि कार्यान्वयनसम्म प्रदेश सरकार ले प्राथमिकता दिनुपर्ने बताउनु भयो । उहाँले जलवायु परिवर्तनका चुनौती सामना गर्न सरकार, नागरिक समाज, वातावरणीय मानव अधिकार कर्मी र समुदायबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्नु हुँदै वातावरणीय अधिकार सम्बन्धी जनचेतना अभिवृद्धि र प्रभावकारी नीति निर्माणमा सबै पक्षले साझा प्रयास गर्नुपर्नेमा जोड दिनु भयो ।

वतावरण अभियानी देवनारायण मण्डलले स्वच्छ, सुरक्षित र दिगो वातावरण सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्ज भएको उल्लेख गर्नु हुँदै वातावरणीय अधिकारको संरक्षणमा सबै पक्ष उतिकै सक्रिय हुनुपर्नेमा समेत जोड दिनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका मानव अधिकार अधिकृत किरण घिमिरे, मधेश प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष तथा अधिवक्ता राजकुमार महासेठ, मिडिया काउन्सिलका पूर्व कार्यवाहक अध्यक्ष तथा नेपाल दलित पत्रकार संघ मधेश प्रदेशका अध्यक्ष कैलाश दास, चुरे संरक्षण पर्यटन प्रवर्द्धन फाउन्डेशन महोत्तरीका सचिव अजय साह, वातावरणीय मानव अधिकारकर्मी सुनिल यादव, वातावरणीय मानव अधिकार रक्षक सञ्जालका सदस्य जमुना भुजेल, विनोद महरा, अमित मिश्र, बलराम साह, पुरुषोतम यादव, मिडवनकी अध्यक्ष दिपिका लामा, नयाँ पत्रिका महोत्तरीका संवाद्दाता रञ्जन भण्डारी, आफन्त नेपालकी धनुषा संयोजक दिवानी घिमिरे, सिरिश अनलाइनका पत्रकार वाबु प्रेम यदुबन्सी, इन्सेक मधेश प्रदेश अन्तर्गत आठ ओटै जिल्लाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र पत्रकार तथा सुरक्षा निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
मिर्चैया नगरपालिका,सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
क्षीरेश्वरनाथ नगर पालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,